

अय्यूब



उज भन्ने देश ।
अयूब र उनको परिवारको वासस्थान
सातजना छोराहरू र ती छोरीहरूका पिता अयूब पूर्वका सबै ठाउँहरूमा उनको विशाल सम्पत्तिको लागि मात्रै होइन--
--तर उनको भक्तिका लागि समेत प्रख्यात थिए जुन उनले परमेश्वर, परिवार, साथीभाइ र इष्टमित्रप्रति देखाएका थिए ।
यो मेरो प्याला मैले हाम्रो मेजमानको लागि उठाएँ है !
अयूब ! उहाँ जस्तै हुने चाहना छ मेरो अनि मलाई आशा छ, मेरा छोराछोरीहरूले पनित्यस्तै चाहना राख्नेछन् ।
एलिपज, मेरा पुराना मित्र ! तपाईं अत्यन्त दयालु हुनुहुन्छ !
म दयालु ? तपाईंले हामीलाई दिएको भोजलाई हेनुहोस् त !
वाह,तपाईं मेरा मित्र हुनुहुन्छ ।
त्यो भन्दा बढी त होइन,तपाईंहरू चाहिँ मेरो परिवार जस्तै हुनुहुन्छ !
सबै ठाउँबाट उनका घनिष्ठ साथीहरू आएका छन्...


अयूब १:१–१:३


उनी हामीलाई "परिवार" भन्छन् ! साँच्चै म उहाँको परिवार भएको भए कति राम्रो हुन्थ्यो ।
किनकि आफ्नो परिवारलाई अयूबले जस्तै अरू कसैले माया गर्दैनन् ।
एलिपज, तेमानबाट आएका हुन्, जुन बुद्धिका लागि प्रख्यात छ ।
हो, आफ्नो परिवारलाई माया गर्ने व्यक्ति तर उनी बुद्धिप्रेमी पनि हुन् !
बिल्दाद शूहाती हुन् । अब्राहामका पुत्र शूहाका वंश । उनी पूर्वको मरुभूमि अरेबियाबाट आएका ।
अयूब ! यत्रो सम्पत्ति र परिवार हासिल गर्ने योग्यको कामतपाईँले के गर्नुभयो, मलाई थाहा छैन–
--तर, मलाई भन्नुहोस् है,ताकि म पनि त्यही गर्नसकूँ !
सोफार नामाती हुन् । नामाह नगरको सिमानाबाट आएका ।
अयूब एक उदार, विश्वासयोग्य र धर्मी मानिस !
अयूब नम्र भएको ठीकै भयो नत्र यो सबै प्रशंसाले उनको नाक फुल्ने थियो ।
एलिहु बुजी हुन् ।अयूबको नजीकका सबै साथीहरूमध्ये उनी सबैभन्दा कान्छा । उनको नाउँको अर्थ हो, "मेरा परमेश्वर उहाँ हुनुहुन्छ" ।

अयूब १:१–१:३


बुबा ?
म अहिले जान लागेको। ओमारले अर्को भोजको पनि आयोजना गरेका छन्।
मेरा छोराछोरीहरू एक अर्काको सँगतिमा रमाएको मलाई एकदम मनपर्छ।
जानै लागेको र ?
आदरपूर्ण व्यवहार गर्ने कुरा याद राख है ! तिम्रा भाइ र बहिनीहरूलाई पनि सम्झाउनू --
हुन्छ, बुबा !
तिमीलाई पुऱ्याइदिन मैले सेतलाई अह्राएको छु। ऊ त्यहीँ बस्नेछ र भोलि बिहान तिमीलाई लिएर आउनेछ।
सबैलाई हाम्रो माया दिनू !
बुबा, हजूरले हाम्रो लागि गर्नुभएको सबै कुराको निम्ति हामी हजूरलाई आदर गर्छौं -- हजूरको वा परमेश्वरको नाउँलाई अनादर गर्ने कुनै पनि कुरा हामी गर्नेछैनौँ ! म प्रतिज्ञा गर्छु !

अयूब १:४


बलिदानहरू ?
अयूबले आफ्ना छोराछोरीहरूका लागि बलिदानहरू चढाउनुहुन्छ, भोजको बेला तिनीहरूले पाप गरिहालेमा भनेर ।
हाम्रा पापहरूका लागि परमेश्वरले ज्याला माग्नुहुन्छ । हामी अपवित्र, अशुद्ध छौँ ।
म तिनीहरूलाई प्रेम गर्छु, त्यसैले तिनीहरूको पक्षमा म परमप्रभु कहाँ जान्छु ।
कुन बेलातपाईंले यसो गर्नुहुन्छ ?
तिनीहरू रातको समयमा राम्ररी भोज गर्दछन्, त्यसैले बिहान नभइञ्जेल म बलिदान चढाउँदिन ।
चिन्ता नगर, म हाम्रो भोजको समयलाई छोट्याउँदिन ।
ओहो, त्यही कुरा त मैले सुन्न चाहेको थिएँ ।
अरूको निम्ति बलिदान गर्नसक्ने कोही व्यक्ति छ भने त्यो व्यक्ति अयूब नै हुनुहुन्छ ।
त्यसो होइन, एलिहू । मानिसलाई त्यसरी नतौलनुहोस् --
--मतपाईंहरू कोही भन्दा महान् छैन ।
परमेश्वरको सामु त पक्कै छैनौँ । उहाँको पवित्रताको सामु हामी सबैजना पापमय तथा अशुद्ध छौँ ।
अब हामी खाना खाऔँ, खाना चिसो भैसक्यो !

अयूब १:४–५



भोलि बिहानै ।


अयूबले आफूले भनेअनुसार गरे ।
जसरी उनले सधैँ गर्थे ।


हे परमप्रभु, मेरा छोराछोरीहरूको तर्फबाट मतपाईँ कहाँ आएको छु ।
तपाईंले उनीहरूको साथ मलाई स्वागत गर्नुभयो --
--यदि तिनीहरूले आफ्नो मनमातपाईँलाई सरापेका भए यो भेटीलाई ग्रहण गरिदिनुहोस् !


परमेश्वरले उनका कार्यहरूलाई अवलोकन गर्नुभएको छ भनी अयूबलाई थाहा थियो ।
तर अरू कसैले पनि उनलाई अवलोकन गरिरहेका थिए भनी उनलाई थाहा थिएन ।

अयूब १:५



स्वर्गमा परमेश्वरका छोराहरू परमेश्वरको सामुन्ने उपस्थित भए ।
अनि त्यो अदृश्य अवलोकनकर्ता पनि तिनीहरूको माझमा आयो ।
एक पतित व्यक्ति ।
पतन हुनेहरू मध्येका पहिला ।
अर्थात् शैतान ।


तँ कहाँबाट आइस् ?
पृथ्वीका मानिसहरूसँगै थिएँ म ।
तपाईंले अति धेरै माया गर्ने ती जनावरहरूलाई अवलोकन गर्दै चारैतिर घुमफिर गर्दै आएको ।
हो, तँ त्यस्तै गर्छस् ।

अयूब १:६–७


के तैँले मेरो दास अयूबलाई देखिस् ?
अँ, देखेको छु।
त्यो जस्तो पृथ्वीमा अरू कोही पनि छैन। त्यसले मेरो भय मान्छ, दुष्टतालाई घृणा गर्छ, धार्मिकतालाई प्रेम गर्छ।
अँ, हो।
तर त्यसले तपाईँको भय किन नमानोस् त ?
तपाईँले त्यसलाई सुरक्षा दिनुभएको छ! तपाईँले त्यसलाई आशिष दिनुभएको छ!
त्यसको सुन्दर घर छ, त्यससित प्रशस्त बगाल छ अनि त्यसको स्वस्थ र ठूलो परिवार पनि छ।
तर... ती सबै खोसिदिनुहोस् त, त्यसले तपाईँलाई सराप्नेछ।
त्यसोसित भएका सबै कुराहरू खोस्न मलाई अनुमति दिनोस्। अनि तपाईँले देख्नुहुनेछ।
त्योसित भएका कुराहरू खोस्न म तँलाई अनुमति दिन्छु तर तैँले त्यसलाई छुन चाहिँ पाउनेछैनस्।
म त्यसको शरीरलाई छुने छैनँ...
अनि त्यो दोष लगाउने परमप्रभुको उपस्थितिबाट गइहाल्यो।

अयूब १:८-१२




अयूब १:१४


पहाडी इलाकामा भएको अयूबको खेतको किनारमा जहाँ उनका बगालहरू चरिरहेका थिए।
के को गन्ध आइरहेको हो ?
सबैजना !
भाग !
त्यहाँ....

अयूब १:१६


अयूबका ऊँटहरूका ताँती ।
के तिमीले त्यो आवाज सुन्यौ ?
त्यो त्यहाँबाट आइरहेको छ, तर त्यो के थियो ?
कल्दीहरू !
यो त धावा हो !
तिनीहरू चारैतिर छन् !
हामी घेरिएका छौँ !


अयूबका जेठा छोरा ओमेरको घर ।
कोल, तिमीले राम्रोसित आराम गऱ्यौ ?
गरेँ र गरिनँ पनि, तिमीहरूलाई धन्यवाद, दाभिनिया !
म सुत्न गएपछि जेथले कतिबेलासम्म वीणा बजायो नि ?
लामै समयसम्म, कोल ! अति लामो समयसम्म !
हामी केही खाना खाऔँ ।
मेरो श्रीमान् अझै सुतिरहनुभएको छ तर उहाँ बिहान उठ्नेबित्तिकै भोकाउनुहुन्छ ।
अझै प्रशस्त बाँकी छ ! ओमार र केटाहरू अझै जागा छन् !
तिमीले केही सुन्यौँ ?
यस्तो मैले देखेको छैन...
यो त..यो त... हामी तिर आइरहेको छ !!!
हामी यहाँबाट गइहालौँ !
हामी कहाँ जाऔँ ?


इस़स़स़स़
अयूब १:१९



मेरो टेबुलमा मसँग खानको लागि सहभागी भइदिनु भएकोमा धन्यवाद !
हामी फेरि चाँडै भेट्नेछौँ !
अयूब, तपाईँले बलिदान चढाउँदै देखेको आज बिहान मैल देखेँ ।
परमेश्वर प्रतिको तपाईँको भक्ति अतुलनीय छ ।
तपाईँले देखाउनुभएको उदाहरणलाई मैले हृदयमा राखेको छु ।
धन्यवाद, एलिहू ।
मैले पनि आफ्नो हृदयमा राखेको छु ।
मेरी प्यारी श्रीमती, तिमीले चाप्लुसी गरेकी हौ ।
चाप्लुसी ? कदापि होइन !
अब, यो नगरमा लोहारले बेच्दै गरेको त्यो सुनौलो थाल म पाउन सक्छु ?
सायद…अलि बढी चाप्लुसी गरेपछि !
मालिक ! मालिक !



एबेद, तिमीलाई के भएको छ ?
मालिक... म मात्र बाँचेर आएको...
सबाइनहरू... तिनीहरूले विना चेतावनी आक्रमण गरे र सबैलाई मारे अनि सबै थोक लुटेर लगे ।
हान्नम, तिमीलाई पनि आक्रमण गरे ?
होइन.. आकाशबाट ठूलो आगो बर्षियो !
त्यसले खेतमा भएका भेडाहरूसहित सबै थोक भस्म पारिदियो र सबै गोठालाहरू पनि मरे तर म मात्र बाँचे !
यस्तो हुन असम्भव छ !
तारुम ? कृपया, तिमीले त असल खबर ल्यायौ होला ?
हामीलाई कल्दीहरूले आक्रमण गरे !
तिनीहरूले हामीलाई घेरे र सबैलाई मारेर उँटहरू लगे !
मालिक ! साह्रै दुःखलाग्दो कुरा भयो !
मलाई थाहा छ ! मैले सुनिसकेँ !
नोकरहरू मरे ! बगाल मरे वा लुटिए ! अति दर्दनाक अवस्था भयो !
होइन, मालिक ! त्योभन्दा बढी खराब !
खराब !? त्योभन्दा बढी खराब अरू के हुनसक्ला, सेत ?


अयूब १:१४–१:१७


तपाईंका छोराहरू र छोरीहरू तपाईंको जेठा छोराको घरमा उत्सव मनाइरहेका थिए....
मालिक, एउटा ठूलो हुरी चल्यो... अनि त्यसले घरलाई बेस्सरी हिर्कायो...
त्यो गर्ल्याम्मै ढल्यो... हामीले भग्नावशेष हटाएर तिनीहरूलाई खोज्यौं र तिनीहरूलाई भेट्टायौं तर तिनीहरू सबै....सबै।
मलाई त्यो थाहा छ! तिमी चाहिँ के भन्न आयौ त हामीलाई?
नाइँ, नाइँ, यो हुन सक्तैन।
यो सम्भव हुनसक्तैन!!! अँहँ!!! नाइँ!!!
मेरा नानीहरू.... मेरा छोराछोरीहरू...



अयूब १:२०


नाइँ !!! नाइँ !!! नाइँ !!! नाइँ !!!
अयूब १:२०


केही दिनहरू पछि ...


मेरी आमाको गर्भबाट म नाङ्गै आएँ !
र म नाङ्गै चिहानमा जानेछु !
परमप्रभुले मलाई प्रशस्त दिनुभएको थियो !
अब, उहाँले नै सबै लिएर जानुभयो !!!
प्रभु,तपाईंको नाउँ धन्यको होस् !
मलाई थाहा छैन कि तपाईले यो कसरी हुन दिनु भयो !
मैले तपाईंसँग माग्नसक्ने कुरा भनेको शक्ति र शान्त्वना हो...
बन्द गरिदेओ !

अयूब १:२१–२२



फेरि पनि, त्यो दिन आइपुग्यो जब परमेश्वरका छोराहरूले आफैलाई परमप्रभुको सामु उपस्थित गराए ।
र फेरि, त्यो पतित भएको स्वर्गदूत पनि त्यहाँ आयो ।
मेरो दास जस्तै अरू कोही छ भनेर मैले तँलाई भनेकै थिएँ नि ।
त्यो मेरो विरुद्धमा उठोस् भनी तैँले भरमग्दूर कोशिस गरिस् तर त्यो दोषरहित खडा भयो ।
वास्तवमा, एउटै कारणले मात्र त हो नि !
मैले उसलाई छुने अनुमति तपाईँ बाट पाइनँ नि !
तर उसको जीवनको बारेमा चाहिँ के नि ? एउटा मानिसले आफ्नो जीवनका लागि जे पनि गर्न तयार हुन्छ !
यदि त्यसको शरीर र हड्डीलाई छोएर कष्ट दिइयो भने त्यसले तपाईँलाई सराप्नेछ !
ल म तँलाई त्यसो गर्न अनुमति दिन्छु ।
तँ सोच्छस् कि यसको नतिजा के निस्कन्छ तँ जान्दछस् ।
म वास्तवमै जान्दछु यसको नतिजा कतिसम्म निस्कन्छ भनेर ।
ल, त्यो तेरै हातमा छ ।
तँलाई इच्छा लागेअनुसार गर् ,त्यो बाँचुञ्जेलसम्म गर् ।
नतिजा कतिसम्म निस्कन्छ, अब हेरौँ ।

अयूब २:१–२:६


अयूब,तपाईँ यो के गर्दैहुनुहुन्छ ?
निदाउनोस् न !
मेरो छाला चिलाइरहेको छ.... मैले यस्तो कहिल्यै महसूस गरेको छैन ।
ओ.हो.हो... हो....दुख्छ
अयूब ? के भयो ?
अयूब ?
ओ.हो... नाइँ...


मलाई सबैतिर दुखेको छ।
मेरो छाला... मेरो पेट.... मेरा शिर...सास...
तपाईं आफैलाई हेर्नुहोस् त !!!
के तपाईं अझै भन्नुहुन्छ, "परमेश्वरको नाउँ धन्य होस् भनेर ?"
अर्र्ह !!!
ररररह !!!
यसलाई रोक.... यस लाई रोक...
अयूब ! परमेश्वरलाई सराप्नोस् न !
क्राक्क

अयूब २:८-९


उहाँलाई सराप्नोस् र मर्नोस् !!!
यत्रो वर्षसम्म हामीले परमेश्वरबाट असल थोक पायौँ तर खराब चाहिँ हामीले ग्रहण नगर्ने ?
यस्तो मूर्ख कुरा अरूबाट म आशा गर्नसक्छु तर तिमीबाट होइन !
अब मैले उहाँलाई पनि गुमाएँ....


अयूब २:९-१०



अयूब २:८




अयूब २:८


उनी त्यहाँ छन् !!!
त्यहाँ !!!
तपाईँ पक्का हुनुहुन्छ ? उनी त... मानव जस्तो पनि देखिँदैन त !
अयूब, हामीले यो कुरा सुन्नेबित्तिकै हामी आइहाल्यौँ !
पहिले त तपाईँले आफ्ना छोराछोरीहरूलाई गुमाउनुभयो अनि सबै कुरा पनि !
अहिले यो !!!
ओहो, अयूब.... मलाई एकदम दु:ख लाग्यो !!!
परम्परा अनुसार, हामी पनि तपाईँ सितै विलाप गर्छौं !
धन्यवाद... मित्रहरू...

अयूब २:११-१२



उनका साथीहरू मौन भएर उनीसँग सात दिनसम्म –
–अनि सात रातसम्म बसे ।
अनि अन्त्यमा...
म जन्मिएको दिनलाई धिक्कार छ !!!


अयूब २:११–३:१


लिव्यातान भन्ने त्यो भयङ्कर जनावर गहिरोबाट जोडले उफ्रेर सूर्यलाई सर्लक्कै निलेपछि सूर्यग्रहण हुन्छ भनी अन्यजातिहरू भन्छन् !
त्यो लिव्यातानले म जन्मेको दिनको ज्योतिलाई पनि निलेको होस् !
तर त्यो भोकाउनेछ, किनकि त्यो दिन अन्धकार होस् भनी सरापिएको छ !
तपाईँ के भन्दै हुनुहुन्छ ?
म जन्मेकै दिनमा मरेको भए हुन्थ्यो !
मरेकाहरू अनि धनी र गरीब, असल र खराब सबैजना अहिले विश्राम गरिरहेका छन् !
मलाई त कष्टै मात्र छ....
अयूब, हामी यहाँ आएको धेरै दिन भैसक्यो । म पनि केही भनौँ कि ?
जब हामी कठिन समयद्वारा भएर गयौँ, तब तपाईँले हामीलाई परमेश्वरमा आशा गर्नलाई उत्साह दिनुभयो ।
के अहिले तपाईँ सित त्यो आशा हुनुपर्दैन र–षष–
-- यदि तपाईँ आफैलाई वास्तवमै दोषरहित ठान्नुहुन्छ भने ?
यदि मसित आशा छैन भने, यसको कारण यही हो कि मसित अहिले आशा गर्ने शक्ति छैन ।
अयूब, परमेश्वरले निर्दोषहरूलाई दण्ड दिनुहुन्न ।
इदि तपाईँले दुष्ट कुरालाई रोप्नुहुन्छ भने के को कटनी गर्नुहुन्छ ?
एलिपज, मलाई भन्नुहोस् ।

अयूब ३–४:११,६:११



खराबी र दु:ख !!!
यो कष्ट पाउने योग्यको काम पक्कै तपाईँले केही गर्नुभएको छ ।
एउटा सुत्न नसकेको रातमा, मैले एउटा दर्शन देखेको थिएँ...
एउटा आत्मा सुस्त चालमा मकहाँ आयो र मेरो सामु खडा भएर भन्यो :
के मरणशील मानिस परमेश्वरको सामु धर्मी हुन सक्छ ?
सृष्टि गरिएको मानिस के सृष्टिकर्ता परमेश्वरको सामु शुद्ध हुनसक्ला र ?
यदि स्वर्गदूतहरू त पतित भए भने, मानवजाति के हो र, जसले घरहरू त बनाउँछन् तर ती धूलोमा परिणत भैहाल्छ अनि जसको शरीरलाई किराले खाइहाल्छ ।
अयूब, तपाईँलाई मेरो वर्षौंको अनुभव र अवलोकनबाट यो सल्लाह छ ।
परमेश्वरलाई खोज्नुहोस् !
र खुशी हुनुहोस् किनकि परमेश्वरले तपाईँलाई सुधार गर्न चुन्नुभएको छ !
म खुशी हुने ? जे भयो त्यसको लागि ?
तपाईँलाई सहायता गर्न उहाँले यो गर्नुभएको हो ! उहाँले तपाईँलाई चोट पार्नु भएको सक्नुहुन्छ तर त्यो घाउमा पट्टि पनि उहाँले बाँधिदिनुहुन्छ !
तपाईँको डरलाग्दो पापको पश्चाताप गर्नुहोस् र तपाईँ निको हुनुहुनेछ !
एलिपज, के म केही कुरा भन्नसक्छु ?


अयूब ४:१२–५:२७


मेरा छोराछोरीहरू मरिसके र मेरो शरीर रोगले पीडित छ !
तर मैले परमेश्वरलाई कहिल्यै शंका वा इन्कार गरेको छैन !
यो कष्ट पाउने योग्यको के गल्ती मैले गरेको छु, मलाई देखाइदिनुहोस्, अनि म चूप लाग्नेछु !
तपाईं सक्नुहुन्न, सक्नुहुन्छ र ?
एलिपज, मेरो आँखामा हेर्नुहोस् !
म निर्दोष छु भनेर भनी भन्दा के मैले झूट्टो बोल्दैछु र, हेर्नुहोस् !
हे परमेश्वर ! मेरो शरीर रगत, र माटो र किरा र पीपले पाकेको छ !
म कष्ट र वेदनामा कराउँछु ! मेरो प्राणको तिक्तता हेर्नुहोस् !
एलिपजले भने झैं के मैले पाप गरेको छु र ? मलाई देखाउनुहोस् !
तपाईंले मलाई देखाउनेबित्तिकै, म त्यसको लागि पश्चाताप गरिहाल्नेछु !
अहिलेको लागि, म माटोमा पल्टिरहन चाहान्छु र मेरो शरीर यही माटोमा मिलेको होस्....
अयूब ?


तपाईँका वचनहरू त हावामा उडिरहेका जस्ता छन् !
परमेश्वरले न्यायलाई कहिल्यै भ्रष्ट पार्नुहुन्न !
यदितपाईँ शुद्ध भएको भए, उहाँले अहिले सम्ममा तपाईँलाई उत्तर दिइसक्नु हुनेथियो ।
हाम्रा पिताहरू र उहाँहरूको बुद्धिको बारेमा विचार गर्नुहोस्.....अनि उहाँहरूको पनि पुर्खाहरूको बुद्धिको विचार गर्नुहोस् ।
यस पृथ्वीमा हामीले बिताउने दिनहरू क्षणिक मात्रै हुन्...त्यसैले हामीले पुर्खाहरूको बुद्धिबाट सिक्नैपर्छ ।
पानी विनाको बिरुवाको बारेमा विचार गर्नुहोस् । परमेश्वरलाई बिर्सने मान्छे त्यस्तै हुन्छ !
जब किसानले मरिसकेको बाली र झारपातलाई उखेल्दछ, तब उसले त्यसको चिन्ता गरिरहँदैन ।
...उसले त्यसलाई फालिदिन्छ !
परमेश्वरले निर्दोषहरूलाई फाल्नुहुन्न !
र उहाँले दुष्ट काम गर्नेहरूलाई माथि उठाउनुहुन्न !
अयूब, पश्चाताप गर्नुहोस् र उहाँले तपाईँको मुखलाई हाँसोले भरिदिनुहुनेछ !


बिल्दाद, यदि म जीवितहरू मध्येकै सबैभन्दा शुद्ध, सबैभन्दा धर्मी, सबैभन्दा पवित्र भएको भएपनि मैले अझै उहाँको कृपाको लागि याचना गर्नुपर्थ्यो !
उहाँ जस्तो पवित्र परमेश्वरको सामु जान मेरो निम्ति बोलिदिने एउटा पवित्र मध्यस्थ कर्ताको खाँचो मलाई पर्ने थियो !
को छ र ? कोही पनि छैन !
परमेश्वर, तपाईंकै हातले मलाई बनाएको हो, त्यसोभए किन मलाई नष्ट गर्नुहुन्छ ?
किन म जन्मेको दिनको ज्योति मलाई देख्न दिनुभएको ?
म अन्धकारमा बस्नसक्ने हुँदाहुँदै मेरो जीवनमा यो अन्धकार किन आउन दिनुभयो ?
शब्दहरू ! शब्दहरू ! शब्दहरू !
शब्दहरूले क्षमा वा उद्धार ल्याउँदैनन् !
तपाईं आफूलाई शुद्ध भन्नुहुन्छ,तपाईं आफूलाई निर्दोष भन्नुहुन्छ -तर त्यसो भन्दैमा तपाईं शुद्ध, निर्दोष भइहाल्ने होइन !
मैले त्यसो भनिरहेको होइन !
परमेश्वरले छलीहरूलाई चिन्नुहुन्छ, अयूब ! उहाँले दुष्ट मानिसहरूको बारेमा ख्याल राख्नुहुन्छ !
अनि जसरी घोडा मानिस हुनसक्तैन, त्यसरी नै मूर्ख पनि बुद्धिमान हुनसक्तैन ।
तपाईं चाहिँ यिनीहरूमध्ये को जस्तो हुनुहुन्छ ?
एउटा दुष्ट मानिस, एउटा झुट्टो बोल्ने मानिस वा एउटा मूर्ख ?

अयूब ९-११:१२




अयूब ११:१२–१३:१९




अयूब १३:२०–१७:१६


के तपाईं हामीलाई मूर्ख वा अरू कुनै कुरा हौं भनी सोच्नुहुन्छ ?
हामीसित आँखाहरू छन् ! हामी प्रमाण देख्नसक्छौं !
दुष्ट मानिसलाई यस्तै हुन्छ !
त्यसको वरिपरि त्रासहरू उठ्दछन् त्यसपछि त्यसलाई अन्धकारमा फ्यालिन्छ !
मानिसहरूले त्यसलाई देख्छन् र त्रसित बन्दछन् अनि संसारले नै त्यसलाई बिर्सिदिन्छन् !
के तपाईंले बुझ्नुभयो ?
हो ! अहिले यही भइरहेको छ !
मलाई आफ्नै घरमा विरानो व्यवहार गरिँदैछ !
मलाई दया गर्नुहोस्, बिल्दद !
सोफर र एलिपज, मलाई सान्त्वना दिनुहोस् र कृपा गर्नुहोस् !
एलिहू, मलाई नत्याग्नुहोस् !
ओह्, मेरा वचनहरू मेरो पछि आउने पुस्ताहरूका निम्ति चर्मपत्रमा लेखिएर जीवितै राखिए त...
मलाई छुटकारा दिनुहुने जीवितै हुनुहुन्छ भनी म जान्दछु !
मेरो छाला र मांसपेशी र हड्डी नष्ट भएतापनि, म परमेश्वरलाई देख्नेछु !
तर तिमीहरू !!!

अयूब १८–१९:२७




अयूब १९:२८–२०:२९


तपाईंहरू यसरी मलाई दोष लगाउनुहुन्छ, आँसुले भरिएका मेरा आँखाहरूमा हेर्नोस् र मेरो पीडाले भरिएको अनुहारलाई हेर्नोस् ! !
जवान अवस्थामा नै दुष्टहरू मर्दछन् भनी तपाईंहरू भन्नुहुन्छ ! त्यो साँचो होइन !
धर्मी र अधर्मी दुवैका लागि पानी पर्दछ !
म किन भनेर बुझ्दिन.... परमेश्वर मात्रै जान्नुहुन्छ । उहाँका मार्गहरू कसैले बुझ्न सक्तैनन् !
परमेश्वरले तपाईंलाई पवित्रताको निम्ति दण्ड दिइरहनु भएको छैन ।
दुष्ट मानिसहरूले मरणशील मानिसहरूदेखि आफ्नो पाप लुकाउँछन्, तर तपाईंले परमेश्वरदेखि लुकाउन सक्नुहुन्न !
तर एलिपज, मैले परमेश्वरको हृदयलाई जान्न खोजिरहेको छु ।
अनि तपाईंले भने झैं, परमेश्वरले मेरो हृदय जान्नुहुन्छ ?
म रोटीद्वारा भन्दा बरू उहाँको मुखबाट निस्केको हरेक वचनद्वारा बाँच्न चाहान्छु भनी उहाँ जान्नुहुन्छ...
तर म अहिले ती कुनै पनि वचनहरू सुन्दिन !



मानिसहरू चोर्दछन् र नाश पार्ने काम गर्दछन् । गरिबहरू भोका र नाङ्गा हुन्छन् ।
मानिसले मानिसको हत्या गर्छन् । पुरुष र स्त्री व्यभिचार गर्छन् ।
अन्धकारको पर्दामुनि दुष्ट मानिसहरू दुष्ट काम गर्दछन् ।
तिनीहरूसँग तुलना गर्दा म दुष्ट छैन, परमेश्वरसित तुलना गर्दा चाहिँ म दुष्ट नै छु ।
यदि मसित परमेश्वरको शक्ति भएको भए, म त्यो दुष्टता हटाउने थिएँ ।
तर परमेश्वरले हटाउनुहुन्न, किन ?
उहाँले हटाउनुहुन्न, यसमा सायद म खुशी नै हुनुपर्छ किनभने म पनि मेटाइने थिएँ ।
अयूब, के तपाईं आफ्नै कुरा सुनिरहनुभएको छ ?
के मैले कुनै असत्य कुरा भनेको छु र ?
होइन, भन्नुभएको छैन । परमेश्वर शक्तिशाली, पवित्र र शुद्ध हुनुहुन्छ ।
तर मानिस ?
मानिस एउटा कीरा मात्रै हो, अयूब !
तपाईं परमेश्वरको दृष्टिकोणमा कीरा मात्रै हुनुहुन्छ, अयूब.....
कस्तो अचम्म, बिल्दद !



तपाईंले मेरो आत्मालाई साँच्चै उठाइदिनुभयो !
मलाई भन्नुहोस्, तपाईंले यी सबै बुद्धिहरू कहाँबाट प्राप्त गर्नुभयो ?
अयूब, मैले अरू बुद्धिमान मानिसहरूबाट जे कुरा सिकेँ, त्यही कुरा मात्र तपाईंलाई भन्दैछु !
ए, "अरू बुद्धिमान मानिसहरूबाट पो", मैले बुझेँ ।
पृथ्वीबाट गहिरो समुद्रसम्म र त्यहाँबाट आकाश मण्डल सम्म--
--ती सबै परमेश्वरले बनाउनु भएको हो । अनि यी त उहाँले के गर्न सक्नुहुन्छ भन्ने कुराको एउटा संकेत मात्र हो ।
परमेश्वरले मेरो प्राणमा भएको तीतोपना बाहेक अरू सबै कुरा लानुभएको छ ।
उहाँले मसँग बोल्नुभएको छैन, तर उहाँका विरूद्ध मतपाईंले जस्तो बोल्नेछैन !
मैले बोलेका हरेक वचनले चोट पुऱ्याउँछ, त्यसैले म हरेक वचनलाई विचार गरेर मात्र बोल्छु....
मसित सत्यको लागि मात्र समय छ ।
राजाहरू खानी खन्छन्, मानिसहरू सम्पत्ति चोर्न हत्या गर्दछन्, सीधा चालकाहरू जीविकोपार्जन गर्न काम गर्छन्...
तिनीहरूले खोज्ने गाडधनहरू सुन, चाँदी र गरगहनाहरू हुन् अनि तिनीहरूले माटोबाट खनेर ती निकाल्दछन् ।


सुन र चाँदी किन्न सकिन्छ ।
सुन र चाँदी भेट्टाउन सकिन्छ ।
सुन र चाँदी दिन र लिन सकिन्छ ।
तर सुन र चाँदी त्यस्तो धन हो जसलाई चोर्न सकिन्छ !
यस्तो धन जुन हराउन सक्छ !
यस्तो धन जुन अन्त्यमा चिप्लेर जानसक्छ ।
तर सबैभन्दा ठूलो धन यस्तो हुँदैन...
त्यसो भए सबैभन्दा ठूलो धन के हो त ?
बुद्धि !
पिता पुर्खाहरूका अनुभव वा अवलोकनहरूबाट सिकिएको ज्ञान मात्रै होइन !
अनि बुद्धि चाहिँ कहाँबाट आउँछ ?
ती पुराना दिनहरूको म कति तिर्सना गर्छु, जुनबेला म परमेश्वरको निकटताको अनुभव गर्थें !
ती दिनहरूमा जति म अन्धकार भएर हिँड्दथें, उति नै उहाँको ज्योतिमा पनि स्नान गर्थें !
“परमप्रभुको भय मान्नु बुद्धि हो, दुष्ट कुराबाट अलग रहनु बुद्धि हो ।”
बुद्धिले जीवनलाई बुझ्न खोज्दछ र परमेश्वरले हामीबाट चाहानुभएको पनि यही नै हो !

अयूब २८:१२–२९:६


जवान मानिसहरू र वृद्धहरू मलाई आदर गर्थे जब म सहरमा तिनीहरू सँगसँगै आफ्नो आसनमा बस्थेँ ।
तपाईँहरूले त मेरो कुरा सुन्नुभएन तर राजकुमारहरू र बूढाप्रधानहरूले मैले बोलेका कुरा सुन्थे ।
किन ?
किनकि म आशिषित थिएँ, र मैले आफूले पाएका आशिषहरू खाँचोमा परेकाहरूलाई बाँडेँ ।
मैले थिचोमिचोमा परेकाहरूलाई रक्षा गरेँ ।
विलाप गर्नेहरूलाई मैले सान्त्वना दिएँ ।
मैले लङ्गडो र अन्धालाई सहायता गरेँ ।
म एउटा राजा जस्तै थिएँ !
अहिले...
मलाई मेरा कुकुरहरूमध्ये एउटा सरह पनि व्यवहार गर्दिैन !

अयूब २९:७–३०:१


परमेश्वरले अब मलाई आशिष दिनुहुन्न ।
म असल कुराको खोजी गर्छु तर खराबी भेट्टाउँछु ।
म ज्योतिको खोजी गर्छु तर अन्धकार भेट्टाउँछु
म सहायताको लागि पुकारा गर्छु तर कसैले उत्तर दिँदैनन्...
तपाईँले बाहेक कसैले दिँदैनन् ।
एकपल्ट, धेरै पहिले होइन, म वीणा बजाउँथेँ र मानिसहरू मसँगै नाच्दथे !
अहिले भने, म विलापको गीत गाउँछु तर तपाईँहरू चाहिँ मेरा पापहरूको गन्ती गर्न खोज्नुहुन्छ !
किनभने त्यही कुराले मात्रै स्पष्ट पार्दछ कि...
होइन !!!
मैले अर्काकी पत्नीलाई कुदृष्टिले नहेरी आफ्नै पत्नीप्रति विश्वासयोग्य रहेको छु !
म सधैँ सत्य बोल्छु !
मैले खाँचोमा परेकाहरूलाई सहायता गरेको छु !
शत्रुको दुर्भाग्यमा म कहिल्यै आनन्दित भएको छैनँ !

अयूब ३०:२–३१:४०


तपाईंहरूले मलाई विश्वास नगर्न सक्नुहुन्छ, तर तपाईंहरू न्यायकर्ता होइन, परमेश्वर हुनुहुन्छ !
यदि तपाईंहरूले मेरो विषयमा भन्नुभएको कुनै कुरा सत्य रहेछ भने किन परमेश्वरको न्याय पहिल्यै म माथि परेन त ?
मैले यस्तो कुरा कहिल्यै देखेको थिइनँ तर --
हामीले अघि भनेझैं, हामीले परमेश्वरको चालहरूको बारेमा कसरी थाहा पाउन सक्छौं त ?
तपाईंले सजाय पाइरहनुभएको छ, त्यसैले यहाँ एउटै प्रश्न चाहिँ के हुनुपर्छ भने --
रोक्नुहोस् !!!
मेरा मित्रहरू... म तपाईंहरू सबैभन्दा कान्छो छु, त्यसैले मैले मुख खोलिनँ ।
तपाईंहरूसँग भएको पाको बुद्धि मसित त छैनँ ।
तर, मेरो विचारमा त्यो सधैं साँचो हुँदैन !
एलिहू, हामीले तपाईंले भन्दा बढी संसारको अनुभव गरिसकेका छौं...
तर तपाईंहरूले आफ्नो बुद्धि र अनुभवलाई अयूबसित बहस गर्न पो प्रयोग गर्नुभयो त --
-- र अझै पनि तपाईंहरूले उसलाई गलत साबित गर्न सक्नुभएको छैन !
तपाईंहरूले त उसका केही गुप्त पापहरूका लागि मात्र उहाँलाई दोष लगाई रहनुभएको छ !
धन्यवाद, एलिहू...
यति चाँडै मलाई धन्यवाद नदिनुहोस्, अयूब !
मसित पनि तपाईंलाई भन्ने केही कुराहरू छन् !

अयूब ३:११–३२:२२


परमेश्वरले तपाईँको प्रार्थनाको उत्तर दिनुभएन वा उहाँले स्पष्टिकरण दिनुभएन भनी तपाईँले गन्‌गन् गर्नुभयो ।
तर परमेश्वरले बोल्नुहुन्छ, तपाईँले चाहे बमोजिम वा आज्ञा गरेबमोजिम त होइन !
सपना... वचन... स्वर्गदूत....
अनि अनुभव...अनि परम्परा...अनि सजायद्वारा...
जब परमेश्वर बोल्नुहुन्छ, त्यसको उद्देश्य उहाँलाई अझै राम्रोसित चिन्न तपाईँलाई सहायता गर्नु हो !
परमेश्वरले सजाय दिनुहुँदा पनि यसको उद्देश्य तपाईँलाई उहाँतिर फर्काउनका लागि नै हो !
हामीले भोगेको दुःखभन्दा बढी कष्ट भोग्न हामी लायक छौँ !
उहाँले जे गर्नुहुन्छ, त्यो यसकारण गर्नुहुन्छ ताकि हामी अन्धकारबाट ज्योतितर्फ फर्कनसकौँ !
एलिहू, म निर्दोष छु तर परमेश्वरले मलाई बोल्ने मौका दिनुहुन्न ! अनि उहाँलाई सोधेको बेलामा पनि उहाँले उत्तर दिनुहुन्न !
उहाँले तपाईँलाई कुनै कुरा पनि इन्कार गरिरहनुभएको छैन !
परमेश्वरले गलत बहसहरूलाई सुन्नुहुन्न...
--अहङ्कामा बोल्नेहरूलाई उहाँले प्रत्युत्तर दिनुहुन्न --
--तब तपाईँ प्रतीक्षा गरिगरि थाक्नुभयो भन्दैमा उहाँले किन तपाईँलाई उत्तर दिने ?

अयूब ३३–३५



परमेश्वरले मानिसहरूलाई यातना दिनुहुन्न !
उहाँ एउटा शिक्षक हुनुहुन्छ, अनि कस्तो शिक्षक, किनभने उहाँ आफैले सिर्जना गर्नुभएको व्यवस्था उहाँ हामीलाई सिकाउनुहुन्छ !
विश्व ब्रम्हाण्डले नै उहाँलाई जवाफ दिन्छ !
मेघ गर्जनलाई उहाँको आवाजसँग तुलना गर्न सकिँदैन !
उहाँले हिउँ र पानीलाई कहिले पर्नुपर्छ भनेर भन्नुहुन्छ !
हावालाई उहाँको साससित तुलना गर्न सकिँदैन !
र पनि उहाँ चुपचाप बस्नुहुन्छ भनेर तपाईं भन्नुहुन्छ ?
उहाँ यहीँ हुनुहुन्छ, अयूब !
उहाँ बोल्नुहुन्छ !
कोही कोहीसँग तुलना गर्दा म मूर्ख छु, तर तपाईंहरू जस्तै बोल्नमा चाहिँ म त्यत्ति मूर्ख छैन ।
परमेश्वर शक्ति, न्याय र धार्मिकतामा महान् हुनुहुन्छ ।
उहाँको भय मान्नु ठीक हो !
यस्तो किसिमको हुरी बतासलाई पनि आज्ञा गर्नसक्ने व्यक्तिको सामु निहुरनु ठीक कुरा हो !
हो....


हो...
हो, ठीकै हो।


अयूब ?
ज्यू, प्रभु ?
अयूब....
तँ यसरी बोल्छस् मानौं तँ सबै कुरा बुझ्छस् ।
तर तेरो वचनमा मेरो बुद्धिको कमी छ !
म त उनीहरूको मूर्खताको प्रत्युत्तर दिइरहेको थिएँ..
अयूब !!!
म तँ सँग बोलिरहेको छु !
तिनीहरूसित होइन !
ज्यू, प्रभु ।

अयूब ३८:१–२



तेरो निम्ति मसँग केही प्रश्नहरू छन् र तैँले त्यसको जवाफ दिएको म चाहान्छु !
ज्यू, प्रभु ।
म दिनेछु... म कोशिष गर्नेछु ।
जब मैले पृथ्वी बनाएँ र त्यसलाई बादलले ढाकेँ र ताराहरूलाई ज्योति दिएर गीत गाउन लगाएँ--
--के तँ त्यहाँ थिइस् ?
त्यो कसरी भयो भनेर के तँ वर्णन गर्न सक्छस् ?
के तैँले संसारलाई कहिल्यै माटोबाट बनाएको छस् र ज्योतिलाई अन्धकारबाट अलग गरेको छस् ?
के तँ समुद्रको गहिराई हुँदो हिँड्डुल गरेको छस् ?
के तैँले आकाशमण्डलमा चम्किने ताराहरूलाई ती कहाँ कहाँ रहनुपर्छ भनेर तिनीहरूको निर्धारण गर्नसक्छस् ?


अयूब ३८:३–३८:३८




अयूब ३८:३९–४०:१४


फलाम जस्तै शक्तिशाली मांशपेशी र हड्डी भएको त्यो बेहेमोथ !
संसारमा त्यो जस्तो कोही छैन !
कसैले त्यसलाई चुनौति दिनसक्तैन !
के मेरो जस्तो तेरो शक्ति छ ?
के तँ दुष्टमाथि विनाश ल्याउनसक्छस् ?
अयूब ४०:१५–४०:२४


लिब्यातानको बारेमा नि ?!
त्यसलाई बल्छी हानेर पक्रने कोशिश गर् त !
त्यसलाई समातेर त्यसको मालिक नै भए जस्तै गरी के तँ त्यसलाई तेरो कानमा फुस्फुसाउने तुल्याउन सक्छस् ?
हतियार झैँ छाला ! चट्टान जस्तै छाती !
अयूब ४१:१–३४


मैले नै ती सबै प्राणीहरूको सृष्टि गरेको हुँ र कोही तिनीहरूको विरुद्धमा खडा हुनसक्तैन !
त्यसोभए मेरो विरुद्धमा को खडा हुनसक्छ र ?
अयूब, मैले ब्रम्हाण्ड सृष्टि गरेँ । मैले नै पृथ्वीलाई आकार दिएँ ।
मैले पृथ्वीलाई ठूला साना सबै जीवित प्राणीले भरिभराउ गरेँ ।
मैले तँलाई सृष्टि गरेँ ।
मलाई भरोसा गर् ।
अयूब ३८-४१



तपाईँले सबै कुरा गर्नसक्नु हुन्छ भनी म जान्दछु ।
मानिसको समझ र शक्तिले नभ्याउने तपाईँका योजनाहरू छन् भनी म जान्दछु ।
तपाईँको जस्तो बुद्धि, समझ र धार्मिकता कोसित छ भनेर तपाईँले सोध्नुभयो ।
तपाईँलाई पूर्ण रूपले नचिनी तपाईँको बारेमा पूर्वानुमान मात्र लगाउने को थियो ?
म नै थिएँ
मलाई क्षमा गरिदिनुहोस् ।


अयूब ४२:१–३



तपाईंले सोध्नुभएका प्रश्नहरूको मसित कुनै उत्तर छैन,तपाईंले मात्रै तिनीहरूको उत्तरहरू जान्नुहुन्छ ।
तपाईंका बारेमा जे सुनेको थिएँ त्यसको कारणले अहिलेसम्म मतपाईंको श्रद्धायुक्त भयमा बसेको थिएँ ।
अहिले मैले तपाईंलाई आफ्नै आँखाले देखेको छु र मेरो आफ्नै कानले तपाईंको कुरा सुनेको छु......
मलाई क्षमा गर्नुहोस् !
म सँग तपाईंको जस्तो बुद्धि छैन, तर म तपाईंको बुद्धिलाई भरोसा गर्नसक्छु !
मेरा आँखाहरूले मलाई मभित्र हेरिरहेका थिए, अब म मेरा आँखाहरूलाई तपाईं तिर फर्काउँछु !
म तँ सँग रिसाएको छैन, अयूब ।
तँ सँग मेरो निम्ति र मेरो बारेमा प्रश्नहरू थिए तर तैंले मेरो विरुद्धमा कहिल्यै बोलिनस् ।
म तँलाई दास भनेर बोलाउँछु, म तँलाई मेरो साथी भनेर बोलाउँछु ।
तिमीहरू तीन जनाको बारेमा....


अयूब ४२:३-४२:७


अयूबले मलाई रिस उठाएकोले उसलाई सुधार्न मैले उत्रसित बोलेको होइन ।
तिमीहरूले चाहिँ त्यसो गरेका हौ ।
मेरो शक्ति र न्यायको बारेमा तिमीहरूले बोल्यौ तर मेरो अधिकार र कृपालाई बेवास्ता गर्‍यौ !
तिमीहरूले अयूबलाई झुट्टो, कपटी, पापी भन्यौ र मैले त्यसलाई सजाय दिइरहेको हो भन्यौ !
अयूबले झैँ मेरो बारेमा तिमीहरूले ठीकसँग बोलेनौ ।
तिमीहरूले मलाई होमबलिको रूपमा सातवटा साँढेहरू र सातवटा भेडाहरू चढाओ ।
तिमीहरूको पक्षमा अयूबले गरिदिएको प्रार्थना म ग्रहण गर्नेछु र तिमीहरू जुन सजाय पाउनुपर्ने थियो, त्यो म तिनीहरूलाई दिनेछैनँ ।
पश्चाताप गर ।

अयूब ४२:७–४२:९


यो....यो विलापको समय सकिएको छ ।
अयूब, के तपाईं ठीकै हुनुहुन्छ ?
छु....र छैन पनि....
म अझै पीडामा छु, मेरा छोराछोरीहरूका लागि म अझै दुःखित छु ।
म...मेरो विचारमा यो घर जाने समय हो ।
अयूब ?
यदि परमेश्वरले तपाईंहरूलाई जे गर्नू भनेर भन्नुभएको छ, त्यो गर्नलाई तपाईंहरूले योजना बनाउनुभएको छ भने म तपाईंहरूलाई घरमा पर्खेर बस्नेछु ।

अयूब ४२:९


आउनुहोस् अयूब, म तपाईँलाई घर पुग्न सहायता गर्नेछु ।
अयूब ?
के भइरहेछ ?
म... मलाई थाहा छैन ।
अझै एउटा कुरा मैले.... मैले बुझ्न सकिनँ ।
अनि अझै एउटा कुराको निम्ति परमप्रभुलाई धन्यवाद दिनु बाँकी छ !




अयूबका साथीहरूले परमप्रभुले तिनीहरूलाई भन्नुभए बमोजिम गरे ।
र अयूबले पनि परमप्रभुले उनलाई भन्नुभए बमोजिम गरे ।
प्रभु, मेरा साथीहरू यो भेटी लिएरतपाईँको सामु आएका छन् !
तिनीहरूले आफ्ना पापहरू स्वीकारेर पश्चाताप गरेका छन् !
तपाईँका विरुद्धमा तिनीहरूले गरेका पापहरूको बदलामा तिनीहरूले यो बलिदान चढाएका छन् !
र परमप्रभुले प्रतिज्ञा गर्नुभएझैँ उहाँले गर्नुभयो ।

अयूब ४२:९



यी सबै कुराहरू किन भए भनेर तपाईंले कहिले जान्नुहुनेछ र ?
के यो तपाईंलाई पाठ सिकाउनको निम्ति थियो ?
हामीलाई पाठ सिकाउनको निम्ति पो हो कि ?
वा हामी पछि आउने पुस्ताका निम्ति ?
सायद ती सबै कारणहरूका निम्ति होला...
...तर अझ कति कुराहरू हाम्रो समझ भन्दा बाहिर छन् !
ती सबै समयमा, परमेश्वरको सामु तपाईंको पक्षमा भएर कोही खडा भएका हुन् भनेर तपाईंले बिन्ती गर्नुभएको थियो ।
तर हामीले तपाईंलाई निराश तुल्यायौँ र अहिले तपाईँ चाहिँ हाम्रो पक्षमा खडा हुनुहुन्छ !
परमप्रभुको आशिष तपाईँ माथि रहेको होस्, मित्र ।
तपाईंलाई मेरा मित्रको रूपमा पाउँदा म गौरवान्वित छु ।
हामीले तपाईंलाई यत्रो भनिसक्तत्रा पनि तपाईँ किन हामीलाई घृणा गर्नुहुन्न ?
किनभने परमेश्वरले हामीलाई घृणा गर्नुहुन्न, हामीले उहाँलाई गरेका कतिपय व्यवहारहरू पछि पनि !

अयूब ४२:९


एलिहू, तपाईँले मेरो समर्थन गर्नुभएको निम्ति धन्यवाद ।
अनि म पनि तपाईँलाई हाम्रो मित्र भइरहनुभएको निम्ति धन्यवाद दिन्छु ।
मैले त, तपाईँलाई गुमाएँ भनी सोचिसकेको थिएँ ।
परमेश्वरले तपाईँलाई म बाट पनि लाँदै हुनुहुन्थ्यो भनेर म निश्चित थिएँ ।
उहाँले मसँग नबोलुन्जेल... म पनि त्यही चाहान्थेँ ।
उहाँले तपाईँलाई उत्तर दिनुभएको भए हुन्थ्यो !
तर किन भनी उहाँले भन्नुभएन भनेर तपाईँले भन्नुभएको होइन ?!
उहाँले दिनुभयो त !
मैले चाहेको उत्तर उहाँले मलाई दिनुभएन तर मलाई चाहिएको उत्तर उहाँले मलाई दिनुभयो ।

अयूब ४२:१०







अयूब ४२:११–४२:१७